# नगर शिक्षा विकास अनुदान वितरण कार्यविधि

२०७५

प्यूठान नगरपालिका

प्यूठान

# नगर शिक्षा विकास अनुदान वितरण कार्यविधि
# २०७५

**परिचयः**

प्यूठान नगरपालिका भित्र स्थापना भएका र नयाँ स्थापना हुने विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याई गुणस्तरयुक्त शिक्षाको विकास गर्न प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्यूठान नगर कार्यपालिकाले मिति २०७५।०९।०४ मा यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## भाग १

**प्रारम्भिक**

**१ संक्षिप्त नाम तथा प्रारम्भ**

१) यो कार्यविधि नाम “नगर शिक्षा विकास अनुदान वितरण कार्यविधि २०७५” रहेको छ ।

२) यो शिक्षा विकास अनुदान कार्यविधि नगरपालिकाको नगर कार्यपालिकावाट पारित भएपछि लागु हुने छ ।

**२ परिभाषा**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ विद्यालय” भन्नाले सामुदायिक विद्यालय संझनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले प्यूठान नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “अनुदान” भन्नाले यस कार्यविधि अनुसार नगरपालिकाबाट विद्यालयलाई प्रदान गरिने आर्थिक तथा प्राविधिक सहायता सम्झनु पर्दछ ।

(घ) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ङ) “शिक्षा समिति” भन्नाले प्यूठान नगरपालिका नगर शिक्षा समिति संझनु पर्दछ ।

(च) नगरपालिका भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ ।

## भाग २

**३ उद्धेश्य**

क) प्यूठान नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको विकास तथा गुणस्तरमा वृद्धि गर्ने ।

ख) शिक्षा क्षेत्रमा खर्च गरिने सम्पूर्ण श्रोतहरुलाई एकीकृत गरी नगरपालिकाद्वारा एकद्वार प्रणाली मार्फत आवश्यकता, प्राथमिकता र औचित्यको आधारमा शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने ।

ग) नगरपालिकाको शिक्षा विकासमा सहयोग पुऱ्याउने सवै पक्षलाई उत्प्रेरित गर्ने र सामूहिक भावनाको विकास गर्ने ।

**४) सहयोग गरिने विषयवस्तुहरु :**

क) विद्यालय सहयोग अनुदान रकमवाट निम्न विषय क्षेत्रमा सहयोग गरिने छ ।

१. सामुदायिक विद्यालयमा निजी श्रोतबाट नियूक्त भएका शिक्षकहरुलाई तलव अनुदान

२. प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई अनुदान

३. क्याम्पस सञ्चालन अनुदान

४. नगपालिकावाट अनुमति प्राप्त वाल विकास केन्द्रका शिक्षकहरुलाई अनुदान

५. बाल विकास शिक्षक प्रोत्साहन अनुदान

६. नमूना विद्यालय विकास

७. विद्यालय तथा शैक्षिक संस्थाहरुमा अतिरिक्त कृयाकलाप सञ्चालन

८. नगर शिक्षा समिति वैठक सञ्चालन

९. विद्यार्थी भर्ना अभियान

१०. फिल्ड भत्ता

११. विद्यालय अनुगमन

१२. विद्यालय व्यवस्थापन समिति क्षमता विकास तालिम

१३. बाल विकास सामग्री खरीद अनुदान

१४. छात्रवृति

१५. नमुना विद्यालय भ्रमण

१६. विविध

ख) उल्लेखित विषयहरुमा नगर शिक्षा समितिको सिफारिसवाट नगर कार्यपालिकाको निर्णय वमोजिम अनुदान दिइने छ । अनुदानको जुन विषयमा दिइएको हो त्यही विषयमा खर्च गरी आवश्यक कागजात, प्रमाण, फोटो, विल भरपाईहरु पेश गर्नु पर्ने छ ।

**५) सहयोगको क्षेत्र**

१. नगरपालिका क्षेत्र भित्रका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर कायम राखी विद्यार्थीहरुलाई प्रविधि मैत्री ज्ञान

२. नगरपालिका क्षेत्र भित्रका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई प्रोत्साहित गरी विद्यालयलाई श्रोत सम्पन्न गराउन देहायका आधारमा नगद अनुदान प्रदान गरिने छ ।

क) विद्यार्थी संख्या धेरै रहेको

ख) शिक्षक दरबन्दी संख्या कम रहेको

ग) विद्यालय सञ्चालन गर्न अनुमती पाएको तर शिक्षक दरबन्दी कम भएको विद्यालय

घ) कक्षाको आधारमा शिक्षक दरबन्दी नभएको विद्यालय

ङ) परीक्षाको परिणाम

च) विद्यालयको अर्थिक अवस्था

छ) विद्यालयले पुरा गर्नुपर्ने न्यूनतम पूर्वाधार

३. नगरपालिका स्थित क्याम्पसहरुलाई शैक्षिक विकास तथा भौतिक पूर्वाधार सम्वन्धी कार्यक्रमलाई अनुदान रकम प्रदान गरिने छ ।

४. नगरपालिका भित्र प्राविधिक शिक्षाको अनुमति प्राप्त गरेका तर दरवन्दी नपाएका विद्यालयहरुलाई विद्यालय सञ्चालन अनुदान प्रदान गरिने छ ।

५. नगरपालिकावाट अनुमति प्राप्त तर सरकारी अनुदान नपाएका वाल विकास केन्द्रका शिक्षकहरुलाई तलव अनुदान प्रदान गरिने छ साथै सरकारी अनुदानमा सञ्चालित वाल विकास केन्द्रका शिक्षकहरुलाई प्रोत्साहन स्वरुप थप अनुदान रकम प्रदान गरिने छ ।

६. गुणस्तरीय शिक्षाको लागि एक वडा एक नमूना विद्यालयको विकास गर्नको लागि दस विद्यालयहरुलाई अनुदान दिइने छ ।

७. वाल वालिकाको समग्र विकासको लागि नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलापको सञ्चालनको लागि सहयोग दिइने छ ।

८. विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा प्र.अ.हरुको क्षमता अभिवृद्धि तालीम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनको लागि सहयोग उपलव्ध गराइने छ।

९. शिक्षासँग सम्वन्धित विभिन्न वैठक तथा गोष्ठी सञ्चालनको लागि रकम सहयोग गरिने छ ।

१०. अति विपन्न वाल वालवालिकाहरुलाई विद्यालयको पहुँचमा पुऱ्याउन र निरन्तरता दिन आवश्यक छात्रवृद्धि प्रदान गरिने छ ।

११. एकै समयमा धेरै विद्यालयहरुमा गरिने अनुगमन (STASMS) कार्यक्रमको लागि रकम प्रदान गरिनेछ।

१२. फिल्डमा खटिने विद्यालय निरीक्षक तथा श्रोत व्यक्तिहरुलाई फिल्ड भत्ता उपलव्ध गराइने छ ।

१३. विद्यालय भर्ना कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउने कार्यमा सहयोग गरिने छ ।

१४. विभिन्न विद्यालय तथा वाल विकास केन्द्रहरुको सिकाईलाई प्रभावकारी वनाउन आवश्यक सामग्री खरीदको व्यवस्था गर्न सहायोग गरिने छ ।

## भाग ३

**६ शिक्षा अनुदानको अनुगमन**

क) शिक्षा अनुदानको नियमित अनुगमन गरी आवश्यक सुझाव नगरपालिका शिक्षा समितिले दिनसक्नेछ ।

**७ प्रतिवेदन**

शिक्षा अनुदानको प्रतिवेदनः विद्यालयमा उपलब्ध गराइएको विभिन्न अनुदानको अनुगमन गरी कार्य प्रगति तथा खर्च विवरण प्यूठान नगरकार्यपालिकामा प्रस्तुत गरिने छ ।

समाप्त